


वर्ष ४८ | अङ्क १ | असोज २०८० | सेप्टेम्बर-अक्टोबर २०२३

# गभर्नर अधिकारीद्वारा AFI को वार्षिक बैठकमा सहभागिता




flickr.com/afi

गभर्नर महाप्रसाद अधिकारी २०८० भदौ २६ देखि २९ सम्म फिलिपिन्सको मनिलामा आयोजित Alliance for Financial Inclusion (AFI) को वार्षिक बैठक र ग्लोबल पोलिसी फोरममा सहभागी भई भदौ ३० गते स्वदेश फर्कनुभयो ।

वार्षिक बैठकमा AFI को लेखापरीक्षण प्रतिवेदन, वित्तीय क्षेत्रमा लैङ्गिक समावेशिता तथा सूचना प्रविधिको प्रयोगसम्बन्धी प्रतिवेदनसहित सो संस्थाअन्तर्गत रहेका Inclusive Green Finance, वित्तीय समावेशिता रणनीति, साना तथा मझौला उद्यममा कर्जा प्रवाह, विद्युतीय वित्तीय सेवाजस्ता कार्यदलका प्रतिवेदन पेस गरिएका थिए ।

बैठकले सन् २०२४-२८ को निम्ति AFI को रणनीतिक योजना, मनिला घोषणापत्र, सन् सन् २०२३-२५ को लागि सञ्चालक समितिको गठनसम्बन्धी प्रस्तावलाई अनुमोदन गरेको छ । AFI सञ्चालक समितिको सदस्यको रूपमा मन्तव्य राख्दै गभर्नर अधिकारीले अन्य राष्ट्र र संस्थामा AFI को सदस्यता विस्तार गरी वित्तीय साक्षरता र समावेशीकरणको प्रवर्द्धन, सदस्यहरूबीच क्षमता अभिवृद्धि तथा असल अभ्याससम्बन्धी अनुभव आदानप्रदान गरिएको सम्बन्धमा चर्चा गर्नुभयो ।

AFI अन्तर्गत South Asia Financial Inclusion Initiative (SARFII) सहित ६ वटा क्षेत्रीय प्रयासहरू प्रारम्भ भएको र वित्तीय समावेशीकरणमा देखिएका चुनौतीलाई सम्बोधन गर्न यसबाट सहयोग पुगेको उल्लेख गर्दै उहाँले उक्त प्रयासको प्रशंसासमेत गर्नुभयो ।

सोही अवसरमा SARFII Leader's Roundtable मा समापन मन्तव्य राख्दै गभर्नर अधिकारीले वित्तीय समावेशीकरणका सन्दर्भमा दक्षिण एसिया क्षेत्रमा लैङ्गिक असमानता रहेको, वित्तीय साक्षरताको कमी रहेको, साना तथा मझौला उद्यमलाई सहज रूपमा कर्जा उपलब्ध गराउन चुनौती देखिएको धारणा राख्नुभयो ।

बैठकका क्रममा गभर्नर अधिकारीले AFI Leader's Public Private Dialogue Round table मा आफ्नो धारणा राख्नुभएको थियो । यसै गरी, उहाँ Financial Inclusion for Shared Prosperity विषयको प्लेनरीमा वक्ताको रूपमा सहभागी हुनुभएको थियो । सो अवसरमा उहाँले तोकिएको क्षेत्रमा कर्जा प्रवाह, सहुलियतपूर्ण कर्जाको व्यवस्था, लघुवित्त सेवा, वित्तीय ग्राहक संरक्षण, वित्तीय सेवामा सीमान्तकृत वर्गको पहुँच अभिवृद्धि, प्रविधिको प्रयोग, विद्युतीय वित्तीय सेवा, वित्तीय क्षेत्र र कारोबारको पारदर्शिताजस्ता विषयले समग्र अर्थतन्त्रमा पार्ने प्रभावका सन्दर्भमा राज्यका विभिन्न निकायले अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभएको थियो ।

भ्रमणको क्रममा गभर्नर अधिकारीले फिलिपिन्सका केन्द्रीय बैंकका गभर्नर Eli M. Remolona, Jr. सँग द्विपक्षीय छलफल गर्नुभएको थियो । त्यस क्रममा गभर्नरद्वयबीच दुई देशका केन्द्रीय बैंकबीचको सहकार्य र

वित्तीय समावेशीकरणमा रहेका चुनौती र AFI को भूमिकाका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गी मास्के, मौद्रिक व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल, गभर्नरको कार्यालका निर्देशक किरण पण्डित, बैंक सुपरिवेक्षण विभागका निर्देशक रोशनकुमार सिग्देल, बैंक तथा वित्तीय संस्था



नियमन विभागका निर्देशक राजेन्द्र भट्टराई, भुक्तानी प्रणाली विभागका निर्देशक निभा श्रेष्ठ र कानुन महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेको समेत सहभागिता थियो ।

उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र रहेका ७६ मुलुकका केन्द्रीय बैंक र अन्य आठ वटा नियामक संस्था गरी कुल ८४ संस्थाहरू AFI को सञ्जालमा आबद्ध छन् । मलेसियाको क्वालालम्पुरमा यसको मुख्यालय अवस्थित छ । यसले वित्तीय समावेशिता अभिवृद्धिको लागि नियमनकारी निकायहरूसँग सहकार्य गर्दै आएको छ ।

# बैंकिङ कसुरको सुपरिवेक्षण, अनुसन्धान र अभियोजनसम्बन्धी अन्तरक्रिया




कानुन महाशाखाले भदौ १ गते काठमाडौंमा बैंकिङ कसुरजन्य कार्यको सुपरिवेक्षण, अनुसन्धान र अभियोजनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

महान्यायाधिवक्ता डा. दीनमणि पोखरेलको प्रमुख आतिथ्यमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। नेपाल राष्ट्र बैंक ऐन -२०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन-२०७३ र बैंकिङ कसुर तथा सजाय ऐन-२०६४ ले निषेध गरेका कसुरजन्य कार्यको सुपरिवेक्षण, अनुसन्धान र अभियोजनका प्रक्रियाका सन्दर्भमा उक्त कार्यक्रम केन्द्रित थियो ।

सो अवसरमा महान्यायाधिवक्ता पोखरेलले समग्र आर्थिक अपराधमा बैंकिङ कसुर जोडिएको उल्लेख गर्दै यस्ता अपराधको अनुसन्धान र अभियोजनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय आर्थिक अपराधका घटना बढेका छन् । त्यस्ता घटनामा बैंकिङ कसुर जोडिएको पाइन्छ । यस्ता अपराधको प्रभावकारी अनुसन्धान र अभियोजनलाई हामीले प्राथमिकतामा राख्नुपर्छ ।" बैंकिङ कसुरको अनुसन्धान प्रक्रियामा राष्ट्र बैंक, नेपाल प्रहरी र सरकारी वकिलबीच समन्वय न्यून रहेको उल्लेख गर्दै महान्यायाधिवक्ता पोखरेलले त्रिपक्षीय समन्वयबाट २५ प्रतिशत समस्याहरू सहजै समाधान हुने धारणा राख्नुभयो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले बैंकिङ कसुर तथा सजाय ऐन जारी भएयता धेरै बैंकिङ क्षेत्रका कसुरजन्य कार्यलाई कानुनी दायरामा ल्याइएको उल्लेख गर्दै पछिल्लो समय हुन्डी, निक्षेपको दुरुपयोग, सम्पत्ति शुद्धीकरणलगायतका कसुरहरू बढेको बताउनुभयो । यस्ता कसुरको नियन्त्रणमा अन्तरनिकाय समन्वय हुन नसकेको उहाँको धारणा थियो । "अपराध गर्नेहरू अत्यन्तै सङ्गठित र व्यवस्थित हुन्छन् । तिनको पकड अन्तर्राष्ट्रिय स्तरसम्म बलियो हुन्छ । तर हामी तीन वटा निकायबीचको समन्वय चाहिँ एकदमै कमजोर छ । यस्ता कसुरका आधारभूत विषयमा समेत हामी समन्वय गर्न सकिरहेका छैनौं ।" गभर्नर अधिकारीले भन्नुभयो ।

निक्षेप दुरुपयोगको कसुरका कारण बैंकिङ प्रणालीप्रतिको विश्वास कमजोर बन्ने र त्यसबाट वित्तीय सङ्कटसमेत आउन सक्ने उहाँको भनाइ थियो । सञ्चार प्रविधिले वित्तीय प्रणालीलाई सहज र छरितो बनाए पनि प्रविधिकै प्रयोग गरेर वित्तीय अपराध भइरहेको उल्लेख गर्दै उहाँले सोको नियन्त्रणका निम्ति 'आईटी सिस्टम'लाई बलियो बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा राष्ट्र बैंक, प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो र महान्यायाधिवक्ता कार्यालयको तर्फबाट क्रमशः बैंकिङ कसुरको सुपरिवेक्षण, अनुसन्धान र अभियोजनका सम्बन्धमा तीनवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यस क्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले 'बैंकिङ कसुर न्यूनीकरणमा सुपरिवेक्षकीय भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सुपरिवेक्षणका प्रक्रिया, बैंकिङ कसुर न्यूनीकरणमा राष्ट्र बैंकबाट भएका प्रयासबारे जानकारी दिनुभयो ।

यसै गरी, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख किरण बज्राचार्यले बैंकिङ कसुरजन्य कार्यको आँकडा, बैंकिङ कसुरको प्रवृत्ति, बैंकिङ कसुरसम्बन्धी अनुसन्धानमा देखिएका समस्या, समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । नायव महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरेले 'बैंकिङ कसुरको अभियोजन: समस्या र समाधान' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा बैंकिङ कसुरका प्रकार, यस्ता कसुरसम्बन्धी कानुनी व्यवस्था, अभियोजन र फैसलाको स्थिति, बैंकिङ कसुरजन्य मुद्दामा न्यायिक दृष्टिकोण, अभियोजनमा देखिएका समस्या र समाधानका उपायलगायतका विषयलाई समेटिएको थियो ।

कार्यपत्रउपर सहभागीहरूबीच अन्तरक्रिया भएको थियो । त्यस क्रममा बैंकिङ कसुरसम्बन्धी अनुसन्धानका समस्या, चुनौती, कानुनी व्यवस्थामा भएका कमजोरी, डिजिटल माध्यमबाट हुने गरेका ठगीका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, सरकारी वकिल कार्यालय र नेपाल प्रहरीका अधिकारीहरूको सहभागिता थियो । कानुन महाशाखाका निर्देशक दीपकराज लामिछानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# प्रत्यक्ष वैदेशिक लगानी र बाह्य ऋणसम्बन्धी अन्तरक्रिया

विदेशी विनिमय व्यवस्थापन विभागले भदौ १० गते काठमाडौंमा प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउने सन्दर्भमा सरोकारवाला निकायका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेल, उद्योग विभागका महानिर्देशक बाबुराम गौतम, लगानी बोर्डका सहसचिव अमृत लम्सालसँगै विदेशी लगानी रहेका कम्पनी, रेटिङ एजेन्सी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, कानुन व्यवसायी, गैरआवासीय नेपालीलगायतको सहभागिता थियो । बैंकका कामलाई थप प्रभावकारी बनाउन सोसँग सम्बन्धित नियमनकारी निकाय तथा सरोकारवालाहरूसँगको समन्वय थप मजबुत बनाउने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा गभर्नर अधिकारीले विदेशी लगानीकर्तालाई विनाझन्झट सहज रूपमा सेवा प्रवाह गर्न बैंक सजग रहेको स्पष्ट पार्दै यसमा कुनै नीतिगत वा व्यावहारिक समस्या भए जानकारी दिनुहुन सरोकारवालालाई अनुरोध गर्नुभयो । विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ संशोधनको क्रममा रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "विनियमावलीको कुन बुँदाले कहाँ अफ्ठ्यारो पारेको छ, सुझाव दिनुहोस् । समस्या



गुम्स्याएर राख्नुभएन, चाँडोभन्दा चाँडो हाम्रो जानकारीमा ल्याइदिनोस् ।" विदेशी लगानीकर्तालाई सहज सेवा प्रवाह गर्नका लागि एकल विन्दु सेवा केन्द्र सञ्चालनमा ल्याइएको उल्लेख गर्दै लगानीकर्तालाई सन्तुष्ट राख्नुपर्नेमा बैंक प्रतिबद्ध रहेको धारणा उहाँको थियो । "एउटा सन्तुष्ट लगानीकर्ताले सयौं लगानीकर्ता भित्र्याउन सक्छ भने एउटा असन्तुष्ट लगानीकर्ताले हजारौं सम्भाव्य लगानीकर्तालाई निरुत्साहित गर्न सक्छ ।" यसमा बैंक सजग छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा विभागका उप-निर्देशकद्वय पुष्पा अधिकारी र मणिराज श्रेष्ठले 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' का व्यवस्था र यसको कार्यान्वयनपक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा अधिवक्ता अनुपराज उप्रेतीले 'Rethinking NRB Bylaw, 2021' को कानुनी पक्षबारे सुझावसहितको कार्यपत्र प्रस्तुत गर्नुभयो भने एनएमबी बैंक लिमिटेडका प्रवेश श्रेष्ठले बाह्य ऋणसम्बन्धी व्यवस्था, समस्या र सुझावलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीबीच 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' मा रहेका कानुनी तथा व्यावहारिक समस्या र सोको समाधानका विषयमा छलफल भएको थियो । कार्यक्रममा डेपुटी गभर्नर मिश्रले वैदेशिक लगानी र ऋणका सम्बन्धमा अन्य मुलुकमा भएका अभ्यासलाई समेट्नुपर्ने उल्लेख गर्दै लगानीलाई सहज रूपमा भित्र्याउन सहज हुने गरी विनियमावलीमा संशोधन गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा उद्योग विभागका महानिर्देशक गौतम र लगानी बोर्डका सहसचिव लम्सालले वैदेशिक लगानी भित्र्याउनका निम्ति नीतिगत व्यवस्थालाई सहज बनाउन आफूहरू प्रतिबद्ध रहेको धारणा राख्नुभयो । सो अवसरमा निर्देशक विज्ञानराज सुवेदीले स्वागत मन्तव्य र कार्यकारी निर्देशक रामु पौडेलले समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक प्रसन्न पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# 'Protocol Management & Leadership Development' विषयक तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले भदौ १५ र १६ गते भक्तपुरको नगरकोटमा 'Protocol Management & Leadership Development' विषयक तालिम कार्यक्रम सम्पन्न गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभिन्न विभाग कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो । बैंकका उच्च अधिकारीहरूलाई शिष्टाचार व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको केन्द्रले जनाएको छ ।

सो अवसरमा गभर्नर अधिकारीले उक्त तालिमबाट बैंकका उच्च अधिकृतहरूमा शिष्टाचार र नेतृत्व विकाससम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा काठमाडौं विश्वविद्यालयका पूर्व डीन प्रा. सुवास केसी र परराष्ट्र मन्त्रालयका पूर्व सहसचिव अर्जुनकान्त मैनालीले क्रमशः शिष्टाचार व्यवस्थापन र नेतृत्व विकासका विविध पक्षबारे प्रशिक्षण दिनुभएको थियो । ■

# डेपुटी गभर्नर मिश्र APRACA को वार्षिक बैठकमा सहभागी




डेपुटी गभर्नर बमबहादुर मिश्र Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) द्वारा सेप्टेम्बर ५ देखि ७ सम्म चीनको नानिङ सहरमा आयोजित '23rd APRACA General Assembly, 76th Executive Committee Meeting and Regional Policy Forum on 'Green and Climate Finance in Agriculture: Critical Trigger to Sustainable Food System' कार्यक्रममा सहभागी हुनुभयो ।

कार्यक्रमको पहिलो दिन 'Green and Climate Finance in Agriculture: Critical Trigger to Sustainable Food System' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । दोस्रो दिनको पहिलो सत्रमा संस्थाको कार्यकारिणी समितिको ७६औं बैठक र दोस्रो सत्रमा २३औं साधारणसभा सम्पन्न भएको थियो । तेस्रो दिन अवलोकन भ्रमण कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक प्रमेश पोखरेल र गभर्नरको कार्यालयका सहायक निर्देशक युवराज दहालको समेत सहभागिता थियो । ■

# राष्ट्र बैंक र आईएफसीबीच प्राविधिक सहयोगसम्बन्धी समझदारी

नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) बीच विद्युतीय भुक्तानीको प्रवर्द्धनको लागि प्राविधिक सहयोग गर्ने समझदारी भएको छ।

वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा भदौ १५ गते बैंकमा आयोजित कार्यक्रमकाबीच उक्त समझदारी भएको हो। समझदारी पत्रमा बैंकका तर्फबाट गभर्नरको कार्यालय, अन्तर्राष्ट्रिय महाशाखाका निर्देशक डा. डिल्लीराम पोखेल र आईएफसीका तर्फबाट नेपालको लागि आईएफसीका आवासीय प्रतिनिधि बाबाकर सेदिख फायले हस्ताक्षर गर्नुभयो।

'कोअपरेसन एग्रिमेन्ट' नाम दिइएको उक्त परियोजनाको कार्यान्वयनबाट बैंकको चौथो रणनीतिक योजनाअन्तर्गत 'रेगुलेटरी स्यान्डबक्स/इनोभेसन सेन्टर' स्थापना गर्नुका साथै 'फिन्टेक रणनीतिको विकास र कार्यान्वयन, क्षमता अभिवृद्धि, ई-केवाईसीको विकास र परीक्षणलगायतका विषयमा सहयोग पुग्ने विश्वास लिइएको छ। साथै, यसको कार्यान्वयनबाट नेपालको भुक्तानी प्रणालीको विकास/विस्तार तथा विद्युतीय वित्तीय प्रणाली थप सुदृढ हुने अपेक्षा राखिएको छ। तीन वर्षसम्म सञ्चालन हुने उक्त परियोजनामा वित्तीय र प्राविधिक सहयोग आईएफसीको तर्फबाट हुनेछ। ■



# क्यूआर कोडमार्फत विदेशी मुद्रा सटही सुविधा

बैंकिङ विभागले क्यूआर कोडमार्फत विदेशी मुद्रा सटही गर्ने सुविधा सुरु गरेको छ। विदेशी मुद्रा सटही सुविधालाई सहज बनाउने र विद्युतीय माध्यमबाट हुने बैंकिङ कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभागले साउन २९ देखि यस्तो सेवा सुरु गरेको हो।

साउन २१ गते आयोजित कार्यक्रममा बैंकिङ विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी र माछापुच्छ्रे बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले सोसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। क्यूआर कोडमार्फत सेवाग्राहीले



बुझाएको रकम बैंकिङ विभागको नाममा माछापुच्छ्रे बैंकमा रहेको 'नन अपरेटिभ अकाउन्ट'मा जम्मा हुने र कारोबार समयपछि हिसाबमिलान हुने व्यवस्था मिलाइएको छ। क्यूआर कोडको प्रयोगबाट भुक्तानी गर्न नचाहने सेवाग्राहीका निम्ति नगद बुझाएरै विदेशी मुद्रा सटही गर्न सकिने सुविधालाई यथावत् राखिएको छ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक पंगेनीले क्यूआर कोडको प्रयोगबाट नगद कारोबारसँग सम्बन्धित जोखिम न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो। ■

# वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया



गभर्नरको कार्यालयले भदौ १८ गते भक्तपुरमा वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, गुनासो सुन्ने र वित्तीय साक्षरतासम्बन्धी जिम्मेवारी हेरिरहेका अधिकृतहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा कार्यालयका उप-निर्देशक वशिष्ठ अधिकारीले 'वित्तीय ग्राहक संरक्षण र गुनासो व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय ग्राहकका गुनासो व्यवस्थापनका सन्दर्भमा राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्था, गुनासो सुनुवाइ प्रक्रिया, बैंकमा प्राप्त हुने गुनासोको प्रकृति, यसमा देखिएका समस्या र चुनौतीबारे चर्चा गर्नुभयो ।

यसै गरी, उप-निर्देशक टेकराज भण्डारीले 'वित्तीय साक्षरता ढाँचा, २०२२' का मुख्य व्यवस्था र साक्षरता प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयास विषयमा जानकारी दिनुभयो । नेपाल लघुवित्त बैंकर्स एसोसिएसनका कार्यबाहक अध्यक्ष रामबहादुर यादव र अन्य सहभागीले लघुवित्त संस्था विद्यमान समस्या, चुनौतीबारे चर्चा गर्दै विभिन्न नीतिगत सुझाव प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले लघुवित्त संस्थामा संस्थागत सुशासनको अवस्था कमजोर रहेका कारण ती संस्थामा विभिन्न समस्या देखिएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "विगतमा तपाईंहरूमा नाफामुखी संस्कार हावी भयो । अहिले देखिएको समस्या त्यसैको परिणाम हो । पहिलेका कमजोरी सुधारेर अघि बढ्नुपर्छ ।"

कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले अन्तरक्रिया सत्रको संयोजन गर्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभयो । कार्यकारी निर्देशक डा. नेफिल मातङ्गी मास्केले समापन मन्तव्य राख्नुभयो ।

कार्यक्रममा उप-निर्देशक इन्द्रविक्रम पहारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पाल्पामा तथ्याङ्क सङ्कलनसम्बन्धी गोष्ठी सम्पन्न



सिद्धार्थनगर कार्यालयले भदौ २२ गते पाल्पाको तानसेनमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा तथ्याङ्क प्रदायक सरकारी निकाय, उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा कार्यालयका सहायक निर्देशक सुसिल खनालले आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र सहायक निर्देशक देवराज ज्ञवालीले तथ्याङ्क सङ्कलनका समस्याका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा तथ्याङ्क सङ्कलनका कठिनाइ, पाल्पा जिल्लामा आर्थिक गतिविधिका सम्भावना र चुनौतीलगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा निर्देशक सुवेदीले सहभागीका जिज्ञासाको जवाफ दिँदै सम्बन्धित निकायले उपलब्ध गराउने तथ्याङ्क शुद्ध र विश्वसनीय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा कार्यालयका उप-निर्देशक छविलाल घिमिरेले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

उक्त गोष्ठी सम्पन्न भएपश्चात् निर्देशक सुवेदीले बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धक तथा प्रतिनिधिहरूसँग बैंकिङ कारोबार, नोट व्यवस्थापन र अन्य समसामयिक विषयमा छलफल गर्नुभएको थियो । ■

# FXOL Reporting सम्बन्धी अनुशिक्षण सम्पन्न



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले भदौ ८ गते विराटनगरमा Forex Licensing (FXOL) Reporting सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जर, होटेल, ट्रेकिङ आदि संस्थाका प्रतिनिधिको सहभागितामा विभागले उक्त अनुशिक्षण आयोजना गरेको हो । सो अवसरमा विभागका सहायक निर्देशकद्वय रामकृष्ण राई र निशान हिताङले (FXOL) Reporting सम्बन्धी वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक इन्द्रा चम्लागाईं (मैनाली)ले अनलाइन रिपोर्टिङसम्बन्धी व्यवस्थालाई यथाशीघ्र कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त संस्थाहरूलाई निर्देशन दिनुभयो । सो अवसरमा गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक (सू.प्र.) सहदेव चन्दले समापन मन्तव्य राख्दै अनलाइन रिपोर्टिङ सिस्टमलाई आगामी दिनमा थप परिस्कृत गरिने जानकारी दिनुभयो ।

विभागका उप-निर्देशक मधुसुदन दवाडीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक टीकाराम ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# चितवनमा FXOL System र मनिचेञ्जर कारोबारसम्बन्धी अनुशिक्षण




वीरगञ्ज कार्यालयले भदौ २५ गते चितवनको नारायणगढमा 'Foreign Exchange Licensing & Reporting System (FXOL)' र 'मनिचेञ्जर कारोबार सञ्चालन तथा विद्यमान नीतिगत व्यवस्था' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक अजित रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा चितवन जिल्लास्थित बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर, होटेल, ट्राभल एण्ड टुर्सलगायत संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा विदेशी मुद्रा कारोबारमा संलग्न संस्थाबाट करिब ५० जनाको सहभागिता थियो । सो अवसरमा गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक रामकृष्ण राईले FXOL Software Reporting' तथा वीरगञ्ज कार्यालयका उप-निर्देशक ऋषिराम ढकाल र सहायक निर्देशक सन्देशकुमार ठाकुरले मनिचेञ्जर कारोबार सञ्चालनसम्बन्धी नीतिगत व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।


कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले अर्थतन्त्रमा विदेशी मुद्राको योगदानबारे चर्चा गर्दै राष्ट्र बैंकबाट जारी नीतिगत व्यवस्था, निर्देशन/परिपत्रको पालना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले सहभागीको जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभएको थियो । ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

बैंकिङ विभागले साउन २६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विभागका उप-निर्देशक विन्ती श्रेष्ठले 'खाता व्यवस्थापन तथा रकमान्तर' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा बैंकिङ विभागअन्तर्गत रहेको खाता व्यवस्थापन तथा रकमान्तर फाँटमा नियमित रूपमा गरिने विभिन्न कार्यको चर्चा हुनुका साथै त्यस्तो कार्यसम्पादनको प्रक्रियामा देखिएको चुनौतीकाविषयमा छलफल भएको थियो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले खाता व्यवस्थापन र रकमान्तर फाँटबाट विभिन्न सरकारी निकायलाई दिइने सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो। कार्यक्रममा बैंकिङ विभागका ७० जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा विभागका निर्देशक नीरा ताल्चाभडेलले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक प्रलिसा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।






यसै गरी, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले भदौ १३ गते विभागीय ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विभागको कामकारबाहीसँग सम्बन्धित दुई वटा विषयमा प्रस्तुतीकरण र छलफल भएको थियो। त्यस क्रममा सहायक निर्देशक सुप्रिमा पौडेलले सार्क मुलुकमा मनिचेञ्जरसम्बन्धी नीतिगत व्यवस्था र उप-निर्देशक सचिनराज पियाले विदेशी विनिमय कारोबारका सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको 'एकीकृत परिपत्र-२०७९' मा संशोधन गर्नुपर्ने विषयबारे वार्ता प्रस्तुत गर्नुभयो।

कार्यपत्र प्रस्तुतिपछि विभागका कर्मचारीहरूबीच छलफल भएको थियो। विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले समापन मन्तव्य राख्नुभएको थियो। ■

# सिद्धार्थनगर कार्यालयद्वारा तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न

सिद्धार्थनगर कार्यालयले भदौ २३ गते पाल्पाको तानसेनमा एक दिने योग ध्यान शिविर कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका कर्मचारीहरूमा तनाव व्यवस्थापन गर्ने उद्देश्यका साथ कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा योग प्रशिक्षक इन्द्रा शर्मा (भुसाल)ले तनावका कारणबारे चर्चा गर्दै सोको व्यवस्थापनका निम्ति तनावरहित जीवनयापनको निम्ति योग र ध्यानलाई प्राथमिकता दिनुपर्ने सुझाव दिनुभयो। सो अवसरमा कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीले यस्तो कार्यक्रमबाट दैनिक जीवनयापनमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा कार्यालयका ४४ जना कर्मचारीको सहभागिता थियो। ■



# वैदेशिक रोजगार बचतपत्र : कति प्रभावकारी ?

**वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक र विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक (औपचारिक) माध्यमबाट स्वदेश भित्र्याउने र सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहन गर्ने उद्देश्यले 'वैदेशिक रोजगार बचतपत्र'को निष्कासन सुरु भए पनि अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेको छैन ।**



✍ लालकुमार सुवेदी
प्रधान सहायक

आर्थिक वर्ष २०६६/६७ को बजेटमार्फत सरकारले विदेशमा काम गर्ने नेपालीलाई लक्षित गरी पहिलो पटक 'वैदेशिक रोजगार बचतपत्र' जारी गर्ने घोषणा गऱ्यो । त्यस वर्ष दक्षिण कोरिया, मलेसिया, संयुक्त अरब ईमिरेट्स, साउदी अरब र कतारमा कार्यरत नेपाली श्रमिकलाई सात अर्ब रुपैयाँबराबरको 'वैदेशिक रोजगार बचतपत्र' जारी गरिने बजेटमा उल्लेख थियो । बचतपत्रमार्फत सङ्कलित रकमलाई पूर्वाधार निर्माणमा खर्च गर्ने र श्रमिकको ब्याज आम्दानी बढाउने लक्ष्यका साथ सरकारले बजेटमा यसको घोषणा गरेको थियो ।

बजेटमा उल्लेख भएबमोजिम नेपाल राष्ट्र बैंकले ३१ असार २०६७ मा पहिलो पटक रु.एक अर्बबराबरको 'वैदेशिक रोजगार बचतपत्र' निष्कासन गऱ्यो । यसको ब्याजदर ९.७५ प्रतिशत तोकिएको थियो । पाँच वर्षको निम्ति निष्कासित उक्त बचतपत्रमा रु.४० लाख (०.४ प्रतिशत) को लागि मात्रै आवेदन परेको थियो ।

त्यसयता आ.व. २०७५/७६ बाहेक हरेक वर्ष राष्ट्र बैंकले 'वैदेशिक रोजगार बचतपत्र' निष्कासन गर्दै आएको छ । बैंकले हालसम्म २५ पटक यस्तो बचतपत्र निष्कासन गरिसकेको छ । यो अवधिमा रु.१५ अर्ब ५६ करोड ५५ लाखबराबरको बचतपत्र निष्कासन भएकोमा जम्मा रु.७६ करोड २३ लाख मात्रै बिक्री भएको देखिन्छ । जुन कुल निष्कासित रकमको ४.९० प्रतिशत मात्रै हो । नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभागको आँकडाअनुसार आ.व. २०७१/७२ मा सर्वाधिक ३३.४९ प्रतिशत बिक्री भएको थियो (हे. तालिका) ।

## नीतिगत व्यवस्था

सरकारले वार्षिक बजेटमार्फत निश्चित परिमाणमा आन्तरिक ऋण उठाउने लक्ष्य राखेको हुन्छ । त्यसका निम्ति विभिन्न अवधिका ऋणपत्र निष्कासन गर्ने निर्णय सरकारले गर्दछ । सरकारको आवश्यकताबमोजिम नेपाल राष्ट्र बैंकले यस्ता ऋणपत्रको निष्कासन र सोसम्बन्धी कामकारबाही गर्दै आएको छ । विभिन्न सरकारी ऋणपत्रमध्येको एउटा उपकरण 'वैदेशिक रोजगार बचतपत्र' पनि हो ।

मुलुकबाहिर रोजगारीमा संलग्न नेपाली नागरिक र विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउने र तिनले आर्जन गरेको रकमलाई सरकारी ऋणपत्रमा लगानी गराउने उद्देश्यले जारी गरिने मध्यमकालीन अवधिको बचतपत्र नै 'वैदेशिक रोजगार बचतपत्र' हो । यो बचतपत्रको अवधि पाँच वर्षको हुन्छ । सामान्यतया अन्य बचतपत्रको तुलनामा यसको ब्याजदर केही बढी तोकिएको हुन्छ । तिनै ऋणपत्रमध्येको वैदेशिक रोजगार बचतपत्रको निष्कासन प्रक्रियालाई व्यवस्थित तुल्याउन नेपाल राष्ट्र बैंकले 'वैदेशिक बचतपत्रसम्बन्धी कार्यविधि, २०६९' जारी गरेको छ ।

मुलुकबाहिर रोजगारीमा संलग्न वा रोजगारीबाट फर्केको छ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान, श्रीमती, छोराछोरी मात्र) को नाममा उक्त बचतपत्र खरिद गर्नसक्ने व्यवस्था छ । तोकिएका बिक्री एजेन्टका स्वदेश र विदेशस्थित कार्यालयमा यसको आवेदन दिन सकिन्छ । वाणिज्य बैंक र रेमिट्यान्स कम्पनीहरू बिक्री एजेन्ट तोकिएका हुन्छन् । गत वर्षदेखि राष्ट्र बैंकले https://obss.nrb.org.np/saving बाट पनि बचतपत्रको आवेदन दिन सकिने व्यवस्था मिलाएको छ । 'ओभर द काउन्टर (ओटीसी)' प्रक्रियाबाट यसको निष्कासन गरिन्छ ।

आवेदनको निम्ति राहदानी, कार्यरत मुलुकको भिसा (भारतबाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि), कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र (म्याद ननाघेको) को प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो, विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाणस्वरूप विदेशी मुद्रा सटही रसिद वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खाताबाट विदेशी मुद्रा सटही गरेको भौचर पेस गर्नुपर्ने व्यवस्था छ । परिवारका सदस्यको नाममा खरिद गर्दा



| वैदेशिक रोजगार बचतपत्रको विवरण (रकम रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | निष्कासित रकम | बिक्री रकम | बिक्री प्रतिशत | ब्याजदर |
| २०६६/६७ | १००.०० | ०.४००० | ०.४० | ९.७५ |
| २०६७/६८ | ५००.०० | ०.३३८० | ०.०७ | १०.५० |
| २०६८/६९ | १००.०० | ०.८६६० | ०.८७ | १०.०० |
| २०६९/७० | १००.०० | ४.२८५५ | ४.२९ | १०.५० |
| २०७०/७१ | ५०.०० | ७.६४१५ | १५.२८ | ९.०० |
| २०७१/७२ | २५.०० | ८.३७१५ | ३३.४९ | ९.०० |
| २०७२/७३ | ८३.७९ | २७.४५१५ | ३२.७६ | ९.०० |
| २०७३/७४ | १००.०० | ५.२१३५ | ५.२१ | १०.०० |
| २०७४/७५ | १००.०० | ४.११८० | ४.१२ | १०.०० |
| २०७५/७६ | - | - | - | - |
| २०७६/७७ | १००.०० | ३.७१२० | ३.७१ | १०.०० |
| २०७७/७८ | १००.०० | ५.५२ | ५.५२ | १०.०० |
| २०७८/७९ | ५०.०० | ५.६७ | ११.३४ | १२.५० |
| २०७९/८० | ५०.०० | २.२४३० | ४.४९ | १२.५० |
| | ९७.७६ | ०.३९६० | ०.४१ | ११.०० |
| **कुल** | **१,५५६.५५** | **७६.२३** | **४.९०** | |

*स्रोत: मौद्रिक व्यवस्थापन विभाग*

सम्बन्धित सदस्यको नागरिकताको प्रतिलिपि र नाता प्रमाणित कागज तथा नाबालकको नाममा निजको जन्मदर्ताको प्रमाणपत्र आवश्यक पर्नेछ। यो बचतपत्रको ब्याज ६-६ महिनामा भुक्तानी गरिन्छ। यो बचतपत्रलाई धितो राखी कर्जा लिन सकिने सकिने व्यवस्था छ। नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालय वा बजार निर्माताको रूपमा तोकिएका वित्तीय संस्थामार्फत आफूसँग रहेको बचतपत्र बिक्री गर्न सकिन्छ।

## किन भएन प्रभावकारी ?

वैदेशिक रोजगार बचतपत्रलाई सरकारको आन्तरिक ऋण प्राप्तिको एउटा माध्यमको रूपमा लिइएको भए तापनि यसको मूल उद्देश्य श्रमिकका आयलाई वैधानिक माध्यमबाट भित्र्याउने, बचतपत्रमार्फत वित्तीय स्रोत जुटाउने र त्यसलाई विकास निर्माणमा खर्च गर्ने र ब्याजमार्फत राम्रो प्रतिफल उपलब्ध गराउने नै हो। सरकारी ऋणपत्रमा गरिएको लगानी यसै पनि सुरक्षित नै मानिन्छ। अन्य ऋणपत्रको तुलनामा वैदेशिक रोजगार बचतपत्रमा ब्याज पनि बढी नै दिइन्छ। तथापि वैदेशिक रोजगार बचतपत्रको अभ्यास थालिएको १३ वर्ष बितिसक्दा पनि लक्षित वर्गमाझ यो व्यवस्था आकर्षक बन्न सकेको छैन। यसबाट सरकार र लक्षित वर्ग दुवैले लाभ लिन सकेका छैनन्। परिणामतः यो व्यवस्था निष्प्रभावी बनेको देखिन्छ।

वैदेशिक रोजगार बचतपत्रको बिक्री दर अत्यन्तै न्यून हुनुमा विभिन्न कारणहरू छन्। जसको निम्ति वैदेशिक रोजगार बचतपत्र जारी गरिएको हो, त्यही समूहसम्म यसको लाभ र महत्वबारे बुझाउनै सकिएको छैन। नेपाल राष्ट्र बैंकले २०७३ सालमा गरेको 'विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति' विषयक अध्ययनअनुसार लक्षित समूहका ७३.६ प्रतिशत घरपरिवारले बचतपत्रसम्बन्धी जानकारी नै नभएको र २५.२ प्रतिशतले बचत रकम नभएर वा न्यून रहेका कारण लगानी गर्न नसकेको उल्लेख गरेका छन्। लक्षित परिवारको झण्डै तीन चौथाइ हिस्सामा बचतपत्रको जानकारी नहुनु भनेको सोसम्बन्धी साक्षरता स्तर कमजोर रहनु हो। यसबाट बचतपत्रबारे पर्याप्त प्रचारप्रसार हुन नसकेको प्रतीत हुन्छ। लक्षित परिवारका ०.६ प्रतिशतले मात्रै वैदेशिक रोजगार बचतपत्र वा अन्य सरकारी ऋणपत्रमा लगानी गरेको उक्त अध्ययनले देखाएको थियो।

नेपालमा विप्रेषण आयको ठूलो अंश उपभोगमा खर्च हुने गरेको विभिन्न अध्ययनले देखाएका छन्। 'नेपाल जीवनस्तर सर्वेक्षण २०६७/६८' अनुसार नेपालमा ५६ प्रतिशत घरपरिवारमा विप्रेषण आय प्राप्त हुन्छ। ती परिवारको कुल आम्दानीको ३१ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको देखिन्छ। परिवारले प्राप्त गर्ने विप्रेषणमध्ये ७८.९ प्रतिशत रकम घरायसी उपभोगमा खर्च हुन्छ भने विप्रेषणको ०.६ प्रतिशत मात्र बचत हुने गरेको सर्वेक्षणले देखाएको छ। विप्रेषण आयको ठूलो हिस्सा उपभोगमै खर्च हुने प्रवृत्तिका कारणले पनि वैदेशिक रोजगार बचतपत्र प्राथमिकतामा नपरेको हुनसक्छ।

अर्कोतर्फ बिक्री एजेन्टको रूपमा इजाजत लिएका वाणिज्य बैंक र रेमिट्यान्स कम्पनीलाई कुल बचतपत्र बिक्री रकमको ०.६५ प्रतिशत रकम कमिसन दिने व्यवस्था छ। पछिल्लो विवरणअनुसार १० वाणिज्य बैंक र चार रेमिट्यान्स कम्पनी गरी १४ वटा संस्थाहरू बिक्री एजेन्टको रूपमा सूचीकृत छन्। खाडी मुलुकसँगै मलेसिया, भारत, जापान, दक्षिण कोरिया, अष्ट्रेलियालगायतका मुलुकमा ती एजेन्टले आफ्ना प्रतिनिधि राखेका छन्। तथापि बचतपत्रको बिक्री प्रवर्द्धनको निम्ति ती एजेन्टबाट पर्याप्त प्रयास नभएको महसुस गरिएको छ। आफूसँग रहेको निक्षेप सरकारी ऋणपत्रमा जाने भएकाले बचतपत्रको बिक्री प्रवर्द्धन वाणिज्य बैंकहरूको प्राथमिकतामा परेको देखिँदैन। यसको प्रवर्द्धनमा सरकारी निकाय, राष्ट्र बैंक, विदेशस्थित नियोग वा दूतावास, बिक्री एजेन्ट र वैदेशिक रोजगार कम्पनीबीच प्रभावकारी समन्वय भएको देखिँदैन।

## सुधारका उपाय

आ.व. २०८०/८१ मा रु.दुई खर्ब ४० अर्ब आन्तरिक ऋण उठाउने घोषणाबमोजिम राष्ट्र बैंकले यस वर्षको आन्तरिक ऋण निष्कासन तालिका सार्वजनिक गरिसकेको छ। जसअनुसार तेस्रो र चौथो त्रयमासमा रु.५०-५० करोड गरी कुल रु.एक अर्ब रकमबराबरको वैदेशिक रोजगार बचतपत्र निष्कासन हुनेछ। जुन सरकारले उठाउन लागेको कुल आन्तरिक ऋणको ०.४ प्रतिशत मात्रै हो। आ.व. २०७९/८० मा नयाँ श्रम स्वीकृति लिने र नवीकरण गर्ने श्रमिकको संख्या सात लाख ७१ हजारभन्दा बढी रहेको वैदेशिक रोजगार विभागको आँकडाले देखाउँछ। राष्ट्र बैंकका अनुसार यही वर्ष रु.१२ खर्ब २० अर्ब ५६ करोड विप्रेषण भित्रिएको छ। चालु वर्षमा यही हाराहारीमै विप्रेषण आप्रवाह हुने

अनुमान लगाउने हो भने वैदेशिक रोजगार बचतपत्रबाट यस वर्ष उठाइने भनिएको रकम वार्षिक विप्रेषण आयको ०.०८ प्रतिशत मात्रै हुन आउँछ । प्रवासी श्रमिकको सङ्ख्या र विप्रेषण आयको परिमाणलाई हेर्दा रु.एक अर्बबराबरको बचतपत्र बिक्री हुन असम्भव नहुनुपर्ने हो । तथापि नतिजा परिणाममुखी देखिँदैन । वैदेशिक रोजगार बचतपत्रसम्बन्धी अभ्यास थालिएको लामो समय भइसक्दा पनि यसबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । वैदेशिक रोजगार बचतपत्रको व्यवस्था प्रभावकारी नदेखिएपछि मौद्रिक व्यवस्थापन विभागले चालु आर्थिक वर्षमा सोको स्थिति र प्रवर्द्धनका उपाय पहिल्याउन यससम्बन्धी अध्ययन गर्ने कार्ययोजना तय गरेको छ ।

यसलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका निम्ति विभिन्न नीतिगत सुधार हुनुपर्ने देखिन्छ । वैदेशिक रोजगार बचतपत्रको आवेदन प्रक्रिया, यसको महत्व र सान्दर्भिकताबारे लक्षित वर्गमाझ व्यापक प्रचारप्रसार गर्नुपर्ने आवश्यकता छ । श्रम स्वीकृतिको चरणदेखि नै उनीहरूलाई यसबारे जानकारी दिन आवश्यक छ । विमानस्थलमा 'श्रम हेल्प डेस्क'मार्फत यसको प्रचारप्रसार गर्न सकिन्छ । साथै, वैदेशिक रोजगार बचतपत्रको प्रवर्द्धनमा विदेशस्थित कुटनीतिक नियोग, श्रम सहचारी, रोजगार व्यवसायी, बिक्री एजेन्टका भूमिकालाई थप सशक्त तुल्याउन आवश्यक छ । सार्वजनिक सरोकारका विषयलाई छिटो र सहज ढङ्गले लक्षित वर्गको पहुँचमा पुऱ्याउने सन्दर्भमा सामाजिक सञ्जाल सशक्त माध्यमको रूपमा स्थापित भइसकेको छ । वैदेशिक रोजगार बचतपत्र निष्कासनको सूचनालाई सरोकारवाला सबै निकायका आधिकारिक सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्न सकिन्छ ।

सरकारी स्वामित्वका बैंकहरू; राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंक लिमिटेडलाई बिक्री एजेन्टका निम्ति अनिवार्य गरेर बचतपत्रको बिक्री प्रवर्द्धनमा तिनको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक छ । यीबाहेक वैदेशिक रोजगार बचतपत्रको आवेदनसँग सम्बन्धित कागजी प्रक्रियालाई सरलीकृत गर्ने, विदेशबाट फर्केको एक वर्षसम्म पनि बचतपत्रमा आवेदन दिन सकिने र यसबाट आर्जित ब्याजमा लाग्ने करमा सहुलियत दिएर लक्षित वर्गलाई यसप्रति आकर्षित गर्न सकिन्छ ।

यस्ता प्रयासका बाबजुद पनि बचतपत्रको बिक्रीमा अपेक्षित उपलब्धि नदेखिए यसको 'मोडालिटी'मै पुनरावलोकन गर्न आवश्यक छ । सरकारका आवधिक योजना र अन्य नीतिगत दस्तावेजमा परियोजनाकेन्द्रित बचतपत्र जारी गर्ने उल्लेख भए पनि त्यसनिम्ति हालसम्म ठोस प्रयास भएको देखिँदैन । जलविद्युत् र अन्य पूर्वाधार विकासका परियोजनामा बचतपत्रलाई केन्द्रित गर्न सकिन्छ । यसैबीच, २०८० असोज २ गते अर्थमन्त्रीको अध्यक्षतामा बसेको वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको बैठकले 'रेमिट्यान्स बण्ड' जारी गर्न आवश्यक कार्ययोजना तयार गर्ने निर्णयसमेत गरेको छ । यसको कार्यान्वयन हुनसके श्रमिकको विप्रेषण आयलाई पुँजीनिर्माण र उत्पादनशील क्षेत्रमा लगानी गर्ने कार्यलाई प्रवर्द्धन त हुन्छ नै, त्यस्ता परियोजनाप्रति तिनको अपनत्वसमेत कायम हुनेछ । साथै, विप्रेषणलाई औपचारिक माध्यमबाट स्वदेशमा भित्र्याउने प्रयासलाई समेत यसले प्रवर्द्धन गर्नेछ । ■

# सुर्खेतमा लघुवित्तकेन्द्रित अन्तरक्रिया



सुर्खेत कार्यालयले भदौ १२ गते लघुवित्त वित्तीय संस्थासँग सम्बन्धित समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कर्णाली प्रदेशस्थित लघुवित्त वित्तीय संस्थाका प्रदेश प्रमुख र शाखा प्रमुखहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा सहभागीका तर्फबाट आ-आफ्नो संस्थाको शाखा कार्यालयसँग सम्बन्धित समसामयिक विषयबारे जानकारी गराइएको थियो ।

कार्यक्रममा सहभागीले पछिल्लो समय कर्जा असुलीमा कठिनाइ भएको, खराब ऋणीउपरको कारबाही कालोसूचीमा मात्रै सीमित रहेको, खराब कर्जाको हिस्सा बढ्दै गएको उल्लेख गर्दै यस्ता समस्यालाई राष्ट्र बैंकले सम्बोधन गर्नुपर्ने सुझाव राखेका थिए । सो अवसरमा लघुवित्त संस्थाका विद्यमान समस्या तथा चुनौती, लघुवित्त वित्तीय संस्थाको कर्जा परिचालन, कर्जाको असुली तथा कर्जा गुणस्तरको अवस्था, वित्तीय साक्षरता र लघुवित्त संस्थाका कर्मचारीको सुरक्षा चुनौतीलगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा विभिन्न लघुवित्त संस्थाका ३० जना प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले लघुवित्त क्षेत्रका विद्यमान व्यवस्था, लघुवित्त वित्तीय संस्थाले चाल्नुपर्ने कदम, कर्जा असुलीलाई प्रभावकारी बनाउने उपायका आफ्ना धारणा राख्नुभएको थियो । सुर्खेत कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# डिजिटल भुक्तानी प्रणाली र बजेटका प्राथमिकता



पुष्करराज भट्टराई
उप-निर्देशक

**विषय प्रवेश**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले आफ्नो उद्देश्यमार्फत राष्ट्र बैंकलाई सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने जिम्मेवारी सुम्पेको छ। उक्त जिम्मेवारी पूरा गर्नका लागि भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाबमिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने कार्य नेपाल राष्ट्र बैंकबाट सम्पादन हुनुपर्ने उल्लेख छ।

ऐनले निर्देशित गरेका विषयको विश्वसनीय कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकले रणनीतिक योजनामा भुक्तानी प्रणालीलाई समावेश गर्ने तथा वित्तीय क्षेत्र विकास रणनीतिमा नेपालको भुक्तानी प्रणालीको आधुनिकीकरण र व्यवस्थित गर्ने रणनीति समावेश गर्ने, ठूलो मूल्य भुक्तानी कारोबारका लागि आरटीजीएस सञ्चालनमा ल्याउने तथा नेसनल पेमेन्ट स्विच/गेट वेजस्ता आधुनिक भुक्तानीका उपकरणको प्रयोग गरी भुक्तानी प्रणालीलाई सुरक्षित तथा सक्षम बनाउने उद्देश्यले २०७३ सालमा 'भुक्तानी प्रणाली विभाग' को स्थापना गरेको थियो।

**कानुनी तथा नीतिगत व्यवस्था**

वित्तीय कारोबारमा विद्युतीय भुक्तानीका उपकरणको प्रयोग गरी भुक्तानी प्रणालीलाई सरल, सबल, पारदर्शी र व्यवस्थित बनाउनका निम्ति अन्तर्राष्ट्रिय अभ्यासको अवलम्बन गर्दै नेपाल सरकार र नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणालीको विकास र प्रवर्द्धनका सन्दर्भमा देहायका कानुनी तथा नीतिगत व्यवस्था लागू गरेका छन् :-

- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७८
- भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान

**तालिका-१ : भुक्तानीका साधन र ग्राहकको पहुँच**

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|
| भुक्तानी प्रणाली सञ्चालक | १० | १० | १० |
| भुक्तानी सेवा प्रदायक | २७ | २७ | २७ |
| भुक्तानी सेवा प्रदायकका एजेन्ट | ९,२७९ | १२,६८५ | १४,१२३ |
| वालेट प्रयोगकर्ता | ८,८८५,९१४ | १३,६७५,९९३ | १८,९४१,७९३ |
| एटीएम मेसिन | ४,३२५ | ४,६०२ | ४,८५५ |
| डेबिट कार्ड | ८,८३९,८५५ | १०,८५६,३५७ | १२,२४५,४८५ |
| क्रेडिट कार्ड | १९२,३७० | २३८,७९४ | २८३,७७२ |
| प्रिपेड कार्ड | ६८,२६५ | १०८,६४१ | १३९,७७७ |
| मोबाइल बैंकिङ प्रयोगकर्ता | १४,१९४,८३९ | १८,३०७,२५५ | २१,३६३,९८९ |
| इन्टरनेट बैंकिङ प्रयोगकर्ता | १,१६०,३२१ | १,६८४,३१० | १,८५६,१९५ |
| शाखारहित बैंकिङ सेवा केन्द्र | १,७१८ | १,५४८ | १,३१९ |
| आरटीजिएस सहभागी | ३८ | ४९ | ४४ |
| कनेक्ट आईपीएस प्रयोगकर्ता | ५३४,६१५ | ८९६,३४१ | १,१०८,४३६ |
| इसीसी सदस्य | ६० | ५९ | ५३ |
| आईपीएस सदस्य | १०३ | १११ | ११५ |

**तालिका-२ : भुक्तानीको प्रयोग (कारोबार संख्या)**

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|
| आरटीजीएस | ५३३,८४१ | ७५०,५९७ | ८१५,१८० |
| एटीएमबाट रकम भुक्तानी | ७४,४७९,६८१ | १००,९८८,५०४ | १२२,०५२,२९८ |
| ईसीसी | १२,२९५,९२६ | १३,९२०,१२९ | १२,३४८,९६९ |
| आईपीएस | १०,८४१,०२३ | १३,४२४,४५३ | १५,३८०,६४६ |
| कनेक्ट आईपीएस | १८,८३३,७५२ | ३९,४१७,१६८ | ५०,२५२,९४४ |
| डेबिट कार्ड | ८१,६४८,७०३ | ११०,८३०,६५२ | १३१,७७४,७४७ |
| क्रेडिट कार्ड | १,७१७,३९७ | २,२७०,९२९ | २,८६८,५९१ |
| प्रिपेड कार्ड | १३०,८६७ | ४८९,५०७ | ७४४,६२० |
| इन्टरनेट बैंकिङ | ३,१७९,३६२ | ३,३५५,८८८ | ३,२१६,६६३ |
| मोबाइल बैंकिङ | १११,९२३,३८६ | १८१,५४५,६७६ | २८३,४२०,५९७ |
| शाखारहित बैंकिङ सेवा | ६३९,३३८ | ७५२,२४८ | ८७,८३६८ |
| वालेट | १२४,९४५,०९९ | १६७,४९१,९३३ | २१३,३६७,१४४ |
| क्यूआर कारोबार | ५,५८१,७७९ | २६,९५०,००९ | ७८,०२९,२०० |
| पीओएस | ७,५४७,४०५ | ११,७७३,०३१ | १२,३१५,९१९ |
| ई-कमर्श | १,३४५,३६४ | ८१९,३९५ | ९९०,१३५ |

| तालिका-३ : भुक्तानीको प्रयोग (कारोबार रकमः रु.दश लाखमा) | | | |
|---|---|---|---|
| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
| आरटीजीएस | २०,५५२,२१२ | ४२,१३४,०१८ | ३४,२८९,९७५ |
| एटीएमबाट रकम भुक्तानी | ६४८,२६८ | ८३९,७३२ | ९६८,३९७ |
| ईसीसी | ८,०५६,४४९ | ८,७७३,७५३ | ६,२०७,१६६ |
| आईपीएस | २,३६९,१०८ | १,०६०,०४१ | २,१३५,७०५ |
| कनेक्ट आईपीएस | १,३५६,७४२ | ३,०८१,७६४ | ४,११४,६२८ |
| डेबिट कार्ड | ६७९,३५३ | ८८१,३९६ | १,०१०,४९३ |
| क्रेडिट कार्ड | ९,९८६ | १४,१४३ | १८,३५१ |
| प्रिपेड कार्ड | ८५३ | ३,०९९ | ४,८४० |
| इन्टरनेट बैंकिङ | ९८,६५६ | १५९,४८९ | १५६,८२८ |
| मोबाइल बैंकिङ | ४६०,०१४ | १,२१०,१३४ | २,१८५,९९९ |
| शाखारहित बैंकिङ सेवा | १२,८६९ | १६,१९० | १८,०४९ |
| वालेट | ११४,४३२ | १८४,२९३ | २१९,८०७ |
| क्यूआर कारोबार | २०,२८२ | ९४,५०८ | २४५,४१२ |
| पीओएस | ३१,७२५ | ४१,४३५ | ५९,०४५ |
| ई-कमर्श | ९,१०१ | ४,८४० | ६,१८२ |

*स्रोत : भुक्तानी प्रणाली विभाग*

गरिने अनुमति नीति, २०७९

- भुक्तानी प्रणाली निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८
- अनुमतिपत्रप्राप्त संस्थाका जारी गरिने एकीकृत निर्देशन
- भुक्तानी प्रणाली ओभरसाइट म्यानुअल
- Retail Payment Strategy, 2019
- Nepal Payment System Development Strategy, 2014

भुक्तानी तथा फछ्र्यौट ऐनले विद्युतीय भुक्तानी कारोबारका निम्ति भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थालाई अनुमतिपत्र दिइने व्यवस्था गरेको छ। जसअनुरूप यस बैंकबाट अनुमतिपत्र लिएका भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक क्रमशः १० र २७ वटा रहेका छन् । भुक्तानी सेवा प्रदायकमा २१ वाणिज्य बैंक, १६ विकास बैंक, १५ वित्त कम्पनी र आठ लघुवित्त वित्तीय संस्था गरी जम्मा ९७ वटा संस्थाले सेवा प्रदान गरिरहेका छन् ।

माथि उल्लिखित तालिकालाई विश्लेषण गर्दा पछिल्ला तीन आर्थिक वर्षमा विद्युतीय भुक्तानीका उपकरणको प्रयोगमा व्यापक वृद्धि भएको देखिन्छ। मुख्य रूपमा आरटीजीएस, कनेक्ट आईपीएस, मोबाइल बैंकिङ, वालेट, क्यूआर कोडमा आधारित कारोबारको संख्या उल्लेख्य मात्रामा बढेको छ। यसरी आधुनिक भुक्तानीका साधनको प्रयोगबाट नगदमा हुने कारोबारमा कमी आएको छ। यसबाट नगद कारोबारमा आउनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरणमा मद्दत पुगेको छ। साथै, बैंक नोट छपाइमा लाग्ने खर्चसमेत घट्न गई मुलुकको विदेशी मुद्राको सञ्चितिमा सकारात्मक टेवा पुगेको छ।

विद्युतीय भुक्तानीको प्रयोगले रकम ट्रान्सफरसँगै वस्तु तथा सेवाको भुक्तानीलाई सहज र छिटो बनाएको छ। योसँगै वित्तीय कारोबारलाई पारदर्शी, सुरक्षित, विश्वसनीयसमेत तुल्याएको छ। भुक्तानी कारोबारको विस्तृत विवरण सिस्टममा अभिलेखित हुने भएकोले डिजिटल कारोबारले आर्थिक अनियमिततालाई निरुत्साहित गर्न मद्दत पुग्ने विश्वास लिइएको छ। अर्कोतर्फ विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबार बढ्दै जाँदा प्रविधिजन्य जोखिमसमेत बढ्दै गएको देखिन्छ।

विद्युतीय कारोबारमा हुने जोखिमको व्यवस्थापन गर्नका लागि नेपाल राष्ट्र बैंकले देहायका व्यवस्थाहरू गरी कार्यान्वयनमा ल्याएको छ :-

- विद्युतीय कारोबारमा हुने छ प्रकारका जोखिम र यसको व्यवस्थापनका विभिन्न व्यवस्था गरिएको,
- ग्राहक हित संरक्षणका लागि आवश्यक व्यवस्था गरिएको,
- संस्थागत सुशासनका लागि नीतिगत व्यवस्था गरिएको,
- साइबर सुरक्षाका लागि मार्गदर्शन जारी गरिएको,
- आवधिक रूपमा भुक्तानी प्रणाली परीक्षणको व्यवस्था गरिएको,
- भुक्तानी कारोबारको सुरक्षा तथा जोखिम व्यवस्थापनका लागि डिजास्टर रिकोभरी योजनाको निर्माण र कार्यान्वयन,
- डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिएको ।

## आ.व. २०८०/८१ को बजेटमा रहेका व्यवस्था

नेपालको भुक्तानी प्रणालीलाई सक्षम र सुरक्षित बनाउँदै यसको प्रयोगलाई प्रवर्द्धन गर्ने नीतिलाई सरकारले पनि उच्च प्राथमिकता दिएको देखिन्छ। जसअनुसार सरकारले आ.व.२०८०/८१ को बजेटमार्फत भुक्तानी प्रणालीको विकास, विस्तार र आधुनिकीकरणका लागि प्रस्तुत गरेका कार्यक्रमहरू देहायबमोजिम छन् :-

- अर्थतन्त्रको संरचनात्मक रूपान्तरणका लागि चौथो पुस्ताको औद्योगिकीकरण र डिजिटल अर्थतन्त्र प्रवर्द्धन गरिने,
- डिजिटल अर्थतन्त्रको प्रवर्द्धनका लागि सञ्चार पूर्वाधारको विकास, डिजिटल बैंकको स्थापना, सूचना प्रविधि उद्योगको प्रवर्द्धन तथा आर्थिक क्रियाकलापमा इन्टरनेट, मोबाइल एप्लिकेसन र अन्य नेटवर्कको प्रयोगलाई प्रोत्साहन गरिने,
- वैकल्पिक र नवीनतम उपकरणको उपयोग गरी वैदेशिक पुँजीलाई उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा परिचालन गरिने,
- सामाजिक सुरक्षा सूचना प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आबद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैंक खातामा जाने व्यवस्था गरिने,
- डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयनमा लगिने, डिजिटल साक्षरता बढाई नागरिक एपको प्रयोग र पहुँच विस्तार गरिने,
- सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्म र डिजिटल मिडिया प्रयोगलाई व्यवस्थित र मर्यादित बनाइने,
- अनलाइन बैंकिङ, मोबाइल बैंकिङ, विद्युतीय भुक्तानी प्रणालीलगायत नयाँ प्रविधिमार्फत वित्तीय कारोबारलाई प्रर्वद्धन गरिने,
- वित्तीय क्षेत्रलाई आधुनिक तथा गतिशील बनाउन र नियमन प्रणालीलाई सुदृढ बनाउन नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनलगायत वित्तीय

क्षेत्रसँग सम्बन्धित कानुनमा समसामयिक सुधार र परिमार्जन गरिने, दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने,

- सार्वजनिक सेवाबापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क क्यूआर कोडलगायतका विद्युतीय माध्ययमबाट राजस्व खातामा जम्मा गर्नसक्ने व्यवस्था मिलाइने,
- कर प्रशासनबाट प्रवाह हुने सेवालाई स्वचालित प्रणालीमा आबद्ध गर्दै लैजाने नीतिअनुरूप सबै करदातालाई क्यूआर कोडसहितको कर चुक्ता प्रमाणपत्र स्वचालित रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने ।

### बजेटका व्यवस्था कार्यान्वयनका निम्ति चाल्नुपर्ने रणनीति

आ.व. २०८०/८१ को बजेटमा उल्लिखित व्यवस्थाको कार्यान्वयन त्यति सहज भने छैन । यी कार्यक्रमको सफल कार्यान्वयनका लागि केही रणनीति तय गर्न उपयुक्त हुने देखिन्छ । जुन निम्नलिखित छन् :-


- डिजिटल कारोबारको प्रवर्द्धनका लागि आवश्यक अत्यावश्यक पूर्वाधारको विकासमा रहेका मौजुदा कानुनी व्यवस्थाको अध्ययन गरी आवश्यक कानुनी, नीतिगत, संस्थागत तथा प्रक्रियागत व्यवस्थामा समयानुकूल परिमार्जन गर्नुपर्ने ।
- डिजिटल बैंकको स्थापनाका लागि मौजुदा कानुनी व्यवस्थाहरूमा आवश्यक संशोधन गरी कानुनी तथा नीतिगत प्रबन्ध गर्नपुर्ने ।
- भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायकको पुँजीमा विदेशी लगानी भित्र् याउने व्यवस्थालाई थप प्रभावकारी बनाउनुका साथै विदेशी वित्तीय संस्थाबाट निश्चित ब्याजदरमा ऋण लिनसक्ने व्यवस्था गर्नुपर्ने ।
- सामाजिक सुरक्षा भत्ताको रकम बैंक खाता लगायत वालेटको माध्ययमबाट समेत भुक्तानी गर्न सकिने व्यवस्थाका लागि नियामक निकायबीच समन्वय गर्नुपर्ने ।
- डिजिटल नेपाल फ्रेमवर्कमा रहेको वित्तीय क्षेत्रसँग सम्बन्धित लक्ष्यहरूको हालसम्मका प्रगतिको समीक्षा गरी लक्ष्य प्राप्तिमा देखिएका कठिनाइको समाधानका लागि ठोस पहल चाल्नुपर्ने ।
- डिजिटल प्लेटफर्म र डिजिटल मिडिया प्रयोगमा डिजिटल सचेतनाले समेत उल्लेख्य भूमिका खेल्ने भएकाले डिजिटल वित्तीय साक्षरतालाई प्रभावकारी बनाउनुपर्ने ।
- विद्युतीय कारोबारको हालसम्मको उपलब्धिलाई हेर्दा कारोबारको संख्या तथा रकममा उल्लेख्य वृद्धि भएको देखिए तापनि Digital Foundation (National Identity Card, Internet, Digital Literacy, Digital Laws and Regulations, Cyber Security, Biometric) को अभाव रहेकोले सोको निर्माणका लागि आवश्यक ध्यान दिनुपर्ने ।
- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ मा समसामयिक संशोधन गर्नुपर्ने ।
- सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी निकायमा क्यूआर कोड राख्ने व्यवस्था मिलाउने ।

### अन्त्यमा,

पछिल्लो समयमा विद्युतीय भुक्तानीका उपकरणको प्रयोगको अभिवृद्धिसँगै कारोबारमा विभिन्न जोखिमसमेत देखिएका छन् । साइबर जोखिमको व्यवस्थापनमा विशेष ध्यान दिँदै विद्युतीय भुक्तानी माध्यमको पहुँच विस्तारका निम्ति नेपाल सरकार, नेपाल राष्ट्र बैंक र सरोकारवाला सबै पक्षबाट यथेष्ट प्रयास हुन आवश्यक छ । ■

# टोरन्टो सेन्टरद्वारा डिजिटल वित्तीय सेवा सुपरिवेक्षण तालिम सम्पन्न

टोरन्टो सेन्टरले भदौ २५ देखि २९ गतेसम्म काठमाडौंमा 'Digital Financial Services Supervision for Financial Inclusion' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो ।



डिजिटल वित्तीय सेवाको सुपरिवेक्षणसम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ सेन्टरले उक्त कार्यक्रम आयोजना गरेको हो । १९ वटा सत्रमा सञ्चालित उक्त तालिममा सेन्टरका प्रशिक्षक टोमस प्रोउजा, चुइन ह्वेइ एनजी र मेर्सी बुकुले प्रशिक्षण दिनुभएको थियो । तालिममा डिजिटल वित्तीय सेवाको लाइसेन्सिङ, नियमन तथा सुपरिवेक्षण, वित्तीय समावेशिता, ग्राहक संरक्षण, रेगुलेटरी स्याण्डबक्स, सम्पत्ति शुद्धीकरण निवारण, डिजिटल वित्तीय सेवाको प्रयोगमा जोखिम न्यूनीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषणलगायतका विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा हरेक दिन समूहगत रूपमा संलग्न गराइएको कार्ययोजना विधिले डिजिटल वित्तीय सेवाको सुपरिवेक्षणमा केन्द्रीय बैंकका नीतिलाई कार्यान्वयन गर्ने सम्बन्धमा प्रशिक्षार्थीलाई व्यावहारिक ज्ञान दिइएको थयो ।

तालिम कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ३० जना अधिकृतस्तरका कर्मचारीको सहभागिता थियो । कार्यक्रमको पहिलो दिन जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले स्वागत मन्तव्य राख्दै तालिमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक आकाशा बज्राचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# केन्द्रद्वारा चार वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले भदौ महिनामा विभिन्न चार वटा तालिम सम्पन्न गरेको छ। यस क्रममा भदौ ३ देखि ७ सम्म 'AML/CFT Regime in Nepal' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १५ वटा सत्रमा सञ्चालित तालिममा ३२ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सम्पत्ति शुद्धीकरण निवारणको अवधारणा, नियमन र सुपरिवेक्षकीय पक्ष, पारस्परिक मूल्याङ्कन, गो-एएमएल प्रणाली, साइबर अपराधलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले भदौ १० देखि ११ सम्म Ethics & Behaviour in Organization विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। छ वटा सत्रमा सञ्चालित तालिममा राष्ट्र बैंकमा आचार संहिता, कार्यस्थलको आचरण, अन्तरवैयक्तिक सीप, सार्वजनिक सेवामा सदाचारलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा ३० जना कर्मचारीको सहभागिता थियो।

केन्द्रले भदौ १७ देखि १९ सम्म 'SIS Operation and Technical Matters' विषयक अधिकृत/सहायकस्तरीय तालिम सञ्चालन गऱ्यो। सो अवसरमा सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस)को परिचय, स्थलगत र गैरस्थलगत सुपरिवेक्षणका विविध पक्षबारे प्रशिक्षण दिइएको थियो। सैद्धान्तिक र व्यावहारिक गरी नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा पृष्ठभूमि, यसको आवश्यकता, यसमा समेटिने वित्तीय विवरणका शीर्षक, तिनको प्रस्तुतीकरणलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। उक्त तालिममा ३० जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, केन्द्रले भदौ २४ देखि २९ 'Macroeconomic Management in Nepal' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। २० वटा सत्रमा सञ्चालित उक्त तालिममा मौद्रिक नीति र वित्त नीतिका विविध पक्ष, पुँजी बजार, वित्तीय संघीयता, अन्तर्राष्ट्रिय व्यापारलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो। ■

## अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका वरिष्ठ प्लम्बर लक्ष्मीप्रसाद शर्मा र प्रधान चालक सुन्दरसिंह विष्टले क्रमशः भदौ २३ र २५ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल